मिति : २०७४।०३।१९

आदरणीय नगर प्रमुख एवं उप प्रमुख ज्यू तथा निर्वाचित सम्पूर्ण पदाधिकारी ज्यूहरु सर्वप्रथम स्थानीय निर्वाचन २०७४ बाट निर्वाचित भई आउनु भएकोमा सबै पदाधिकारीलाई बधाइ दिन चाहान्छु र यहाँ हरुको कार्यकालको शुभकामना सहित यस नगरपालिकाको संक्षिप्त जानकारी पेश गर्न चाहान्छु ।

## ***जयपृथ्वी नगरपालिकाको संक्षिप्त जानकारी***

जिल्ला परिषद् बझाङ्गबाट नेपाल सरकार संग नगरपालिकाको रुपमा माग गरि २०६८ आषाढ ३१ गतेको मन्त्रि परिषद्ले चैनपुर न.पा.को नाम घोषणा गरेता पनि २०७१ बैशाख २५ गतेको मन्त्रि परिषद्को निर्णय अनुसार मुलुकका ७२ न.पा. संगै यो जयपृथ्वी न.पा. पनि घोषणा भै मिति २०७१ साल जेष्ठ १४ गते बाट कार्यान्वयनमा आएको व्यहोरा जनाकारी गराउन चाहान्छु ।

यो एक ऐतिहासिक महत्व बोकेको नागरपालिका हो । किन भने बझाङ्गी राजा जो नेपालमा शिक्षा एवं मानवताको ज्ञान फैलाउने व्यक्तिको नाममा नामाकरण गरिएको छ । हिमाली जिल्ला बझाङ्गको पहाडी भू-भागमा यो न.पा. अवस्थित छ ।

यस नगरपालिकाको पूर्वमा तलकोट गाउँपालिका, मष्टा गाउँपालिका र बाजुरा जिल्ला, दक्षिणमा खप्तडछान्ना गाउँपालिका, पश्चिममा छबिसपाथिभेरा गाउँपालिका र उत्तरमा सुर्मा गाउँपालिका पर्दछन ।

**क्षेत्रफल**

यस नगरपालिकाको क्षेत्रफल १६६.७९ बर्ग किलोमीटर रहेको छ । नगर क्षेत्र भित्र प्रति जग्गा (६७७१ रोपनी) ३.४४ बर्ग किलोमीटर रहेको छ ।

**यस न.पा.को घरधुरी संख्या** :- ३५८३

**यस नगरपालिकाको जनसंख्या**

क) महिला - १२३०४

ख) पुरष - १२७४७

जम्मा- २५०५१

**शैक्षिक स्थिति :**

| **क) निरक्षर** | **ख) साक्षर** | **ग) एस.एल.सी. वा सो सरह** | **घ) १०+२ पास** |
|---|---|---|---|
| महिला - २८८३ | महिला - ३९३५ | महिला - ११३१ | महिला -५०८ |
| पुरुष - १२४५ | पुरुष - ४२९६ | पुरुष - १३७३ | पुरुष - ७८५ |
| जम्मा - ४१२८ | जम्मा - ८२३१ | जम्मा - २५०४ | जम्मा - १२९३ |

| **ङ) स्नातक वा सो सरह** | **च) स्नाकोत्तर याम.ए.पास** |
|---|---|
| महिला - १७८ | महिला - २१ |
| पुरुष - ३८२ | पुरुष - १२० |
| जम्मा- ५६० | जम्मा - १४१ |

**पेशागत विवरण :**

| क) **कृषि तथा पशुपालन:-** | **ख) व्यपार:-** | **ग) जागीर** | **घ) ज्याला मज्दुरी** |
|---|---|---|---|
| महिला - ३७८२ | महिला - ८७ | महिला - २७५ | महिला - ५०३ |
| पुरुष -२५५१ | पुरुष - १४५ | पुरुष - ८२४ | पुरुष - ७६४ |
| जम्मा:- ६३३३ | जम्मा - २३२ | जम्मा - १०९९ | जम्मा - १२६७ |

| **ङ) उद्योग** | **च) बैदेशिक रोजगार** |
|---|---|
| महिला - ५ | महिला - २७९ |

| | |
|---|---|
| पुरुष - ९ | पुरुष - १०६५ |
| जम्मा - ११ | जम्मा - १३४४ |

**विद्यालयमा अध्यन गरिरहेका बालबालिको संख्याः**

क) महिला - ४३३६

ख) पुरुष - ४१७०

जम्मा - ८५०६

**घरको अवस्था** **खानेपानस्को अवस्था**

| **किसिम** | **संख्या** | **स्रोत** | **घरधुरी संख्या** |
|---|---|---|---|
| खरको छाना | ३९७ | पाईपको धारा | ३१५२ |
| स्लेटको छाना | २५३४ | ट्युव | १ |
| जस्तापाता | ४५१ | इनार कुवा | २४९ |
| ढलान | ३३४ | नदी, कुलो, नहर, पोखरी | १२ |

**खानेपानी ल्याउन लाग्ने समय**

| | |
|---|---|
| घरमै भएको | १३३० |
| १५ मिनेट समय लाग्ने | १८७३ |
| १५ देखि ३० मिनेट समय लाग्ने | २४९ |
| ३० मिनेट भन्दा माथि समय लाग्ने | ५० |

**बत्तिको अवस्था** **खाना पकाउन प्रयोग हुने ईन्धन**

| **प्रयोग गरेको स्रोत** | **घरधुरी संख्या** | **प्रयोग गरेको साधन** | **घरधुरी संख्या** |
|---|---|---|---|
| विद्युत | २३८७ | दाउरा | ३२२१ |
| सोलार | १०५२ | एलपी ग्याँस | २९२ |
| गोवर ग्याँस | ११४ | ग्याँस | १५० |
| मटितेल | ६७ | गुइठा | १ |
| जेनेरेटर | ४ | | |

**प्रयोगगरिने चुलो** **सञ्चारका साधन**

| **चुलोको किसिम** | **घरधुरी संख्या** | **प्रयोगगरिएका साधन** | **घरधुरी संख्या** |
|---|---|---|---|
| अगेनो चुलो | २९५७ | रेडियो | १६९९ |
| धुवाँरहित चुलो | २४८ | टिभि | ६०४ |
| ग्याँस चुलो | २५९ | टेलिफोन | २८५७ |
| स्टोप | १ | कम्प्युटर | ८२ |
| | | इमेल इन्टरनेट | १४ |

**शौचालयको अवस्था**

पक्की - २८२३

कच्ची - ८५५

नभएको - ३

**बार्षिक खाद्यान्नको अवस्था**

३ महिना वा सो भन्दा कम खान पुग्ने - ९१३

३ देखि ६ महिना सम्म खान पुग्ने - १५२५

६ देखि ९ महिना सम्म खान पुग्ने - ३५०

९ देखि १२ महिना सम्म खान पुग्ने - ६०४

बेचविखन गर्ने - ७३

**भौगोलिक स्वरुप**

बझाङ्ग जिल्लालाई उच्च हिमाली क्षेत्र, उच्च पहाडी क्षेत्र र पहाडी क्षेत्र गरी ३ भागमा छुट्याउदा यस न.पा.को चैनपुर, लुयाँटा, रिठापाटा, सुवेडा र हेमन्तवाडा क्षेत्र पहाडी क्षेत्रमा पर्दछ भने साविक कैलाश गा.वि.स. क्षेत्र उच्च पाहाडी भू-भागमा पर्दछ ।

**स्थानीय चाडपर्व तथा जात्रा मेला**

- ✓ बिशु पर्व हरेक बर्ष नयाँ वर्ष बैशाख १ गते ।
- ✓ चनुकाडा खापर जातः- बैशाख शुक्लपूर्णिमा ।
- ✓ गंगादशहराः- जेष्ठ दशमी- खप्तड त्रिवेणी ।
- ✓ सुर्मादेवी जातः- कार्त्तिक पूर्णिमा- सुर्मा
- ✓ चैते अष्टमीः- देवल रिठापाटा ।
- ✓ वडा दशैः- असोज शुक्लदशमी- न.पा.पुरै ।
- ✓ चद्धसीः- असोज शुक्ल चतुर्दशी
- ✓ शिल्देवी जातः- असोज शुक्ल पूर्णिमा ।
- ✓ भुओ (भस्सो)ः- पौष महिना- न.पा. पुरै ।
- ✓ माघीः- माघे संक्रान्ति- माघ १ गते ।
- ✓ होलीः- फाल्गुण, चैत्र- न.पा. पुरै ।
- ✓ देउलकी चैतलीः- चैत्र/बैशाख- न.पा. भरि ।
- ✓ ताका शेलाई ः- कार्त्तिक ६ र २३ गते ।
- ✓ मांगल, फाग, देउडाः- प्रमुख जात्रा, पर्वहरुमा ।

**पर्यटकिय स्थलको विवरण**

- ✓ सुर्मादेवी मन्दिर - चैनपुर बजार
- ✓ जालपा मन्दिर - रिठापाटा
- ✓ दुरिधरमाण्डौं - सुवेडा
- ✓ नानन्देव मन्दिर - हेमन्तवाडा
- ✓ मष्टामाण्डौं - हेमन्तवाडा
- ✓ नवादेव माणु - लुयाँटा
- ✓ ऋषी कुण्ड - लुयाँटा
- ✓ कैलाश गुफा - कैलाश
- ✓ चुलीटिका - रिठापाटा
- ✓ कालाखालि - सुवेडा
- ✓ नगरक्षेत्रमा रहेका धार्मीक क्षेत्रः सुर्मादेवी मन्दिर (चैनपुर र सेलाखेत), नवादेवमाणु (लुयाँटा), कालीका (लुयाँटा), नानन्देवमन्दिर (हेमन्तवाडा), दुदिरमाण्डौ (सुवेडा) साविकका ६ गा.वि.स चैनपुर, रिठापाटा, हेमन्तवाडा, लुयाँटा, सुवेडा र कैलाश गा.वि.स मिलाएर नगरक्षेत्र निर्धारण गरिएकोछ ।
- ✓ साविकका प्रत्येक गा.वि.स.मा नगरपालिकाका २ वडा र साविकको कैलाश गाविस १ वडा रहने गरी नगरपालिकामा जम्मा ११ वटा वडाहरु रहेका छन ।
- ✓ साविक कैलाश गाविस हाल ज.न.पा. वडा नं. १
- ✓ साविक हेमन्तवाडा गाविस हाल ज.न.पा. वडा नं. २ र ३ ।
- ✓ साविक लुयाँटा गाविस हाल ज.न.पा. वडा नं. ४ र ५ ।
- ✓ साविक सुवेडा गाविस हाल ज.न.पा. वडा नं. ६ र ७ ।
- ✓ साविक रिठापाटा गाविस हाल ज.न.पा. वडा नं. ८ र ९ ।
- ✓ साविक चैनपुर गाविस हाल ज.न.पा. वडा नं. १० र ११ ।

✓ नगर स्तरिय सरसफाई तथा स्वच्छता समन्वय समिति गठन भएको र खुला दिशामुक्त न.पा. घोषणा पनि भैसकेकोछ ।

✓ जयपृथ्वी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन हुने कार्यहरु वडाको कामको लागि वडा सचिव तोकी कार्यालयमा वडा कार्यालय स्थापना गरी वडाको काम सम्पादन भइरहेको छ तर कर्मचारीको अभावमा वडा स्तरमै वडा कार्यालय संचालन गर्न सकेको छैन । अव तुरुन्तै नगर प्रमुख, उपप्रमुख संग सल्लाह गरी लिखित र मौखिक परिक्षा भै लोकसेवाबाट परिक्षाफल प्रकाशित माग गर्न बाँकी कर्मचारीहरुको पदपूर्ती यसपछि वडा कार्यालय सम्बन्धित स्थलमै संचालन गर्ने क्रममा छौं ।

✓ यस जयपृथ्वी नगरपालिकाको सर्वदलिय बैठक बसी मिति ०७१।९।६ गतेको निर्णयानुसार मेन रोडको चौडाई १४ मिटर, चैनपुर रिङ्ग रोडको चौडाई ९ मिटर, बजार भित्रको मुख्यसडकको चौडाई ७ मिटर र भित्रि शाखा सडक (गल्लि) को चौडाइ ४ मिटर कायम गरिएको छ । साथै यस जयपृथ्वी नगरपालिकाको चैनपुर, भोपुर र सिमखेत को फोहोर व्यवस्थापनको लागि ज.न.पा वडा नं. ७ को बोरेवगरमा Land Fill SITE को लागि छनोट गरिएको छ साथै हाल जयपृथ्वी नगरपालिकाको नाममा रहेको चन्द्र गगन बसपार्कको छेउमा फोहोर व्यवस्थापन गर्ने गरिएको छ ।

✓ नगरक्षेत्रमा पाइने कच्चा पादार्थहरु : धान, गहुँ, फलफुल, आलु, टीमुर, तरकारी, मसला, काठ, काँचो छाला, स्लेट, अमला, भिमल, सल्ला, बाँस, कमेरो, केतुकी, रिठा, ढटेलो, खुर्सानी, अमिलो, ओखर, खरिढुंगा, सल्लेपिर, मालुपात, दाडीम, भट्मास, गहत आदी ।

✓ नगर क्षेत्रभित्र २ वटा शिक्षा स्रोत केन्द्रहरु रहेको (भोपुर र जालपा) ।

✓ यस जयपृथ्वी नगरपालिका क्षेत्रभित्र तपशिल बमोजिमका विद्यालय रहेका छन ।

१) क्याम्पस - १ वटा
२) उ.मा.वि. - ५ वटा
३) मा.वि. - २ वटा
४) नि.मा.वि. - ११ वटा
५) प्रा.वि. - ३५ वटा

✓ जयपृथ्वी नगरपालिका क्षेत्रभित्र ६ वटा स्वास्थ्य चौकी, २ वटा शहरी स्वास्थ्य इकाई, १ वटा निजि अमिसा हस्पीटल र १ वटा जिल्ला अस्पताल रहेका छन ।

✓ नगरक्षेत्र भरी मोवाइल फोन सेवा पुगेको छ ।

✓ नगरक्षेत्रको ३ वटा साविकका गाविसहरुमा मोटेरेवल पक्कि बाटोको पहुंच पुगेको (सुवेडा, रिठापाटा र चैनपुर) छ ।

✓ नगरक्षेत्रको सेती नदी पारिका वडा नं. १, २, ३, ४ र ५ वडालाई यातायात पहुंचमा ल्याउन सेती नदी चुनौतीको रुपमा रहेको छ । हाल सम्म पक्की पुल बन्न सकेको छैन ।

## नगरपालिकामा संचालित सडकका ठुला योजनाहरुको विवरणः

१. लोकतान्त्रिक चोक सिमलीरुख हुंदै पानकोट रिङ्गरोडमा रकम रु. हजारमा :- ४६०८
२. पानकोट नगरकोट राजकोट मोर्तली सडक पडेसमा रकम रु. हजारमा :- ४६०८
३. बसपार्क देखि टिमुर्‍याटी हुंदै जालपा प्रा.वि. सम्म अधुरो रहेको शाखा सडक निर्माण रकम रु. हजारमा :- ५००।

४. बाहुलीगाड पुल देखि दम्दुर, कुलालीगाउँ, खेइरा, पाँडेसैन, कुचा शाखा सडक निमार्ण रकम रु. हजारमा :- ५००।
५. पानकोट देखि सुतियाँ सम्म शाखा सडक निर्माण रकम रु. हजारमा :- १०४०।
६. डिलबुगा धौलावगर सडकमा रकम रु. हजारमा :- ५००।
७. किमतोला, छयाला, जुवाडा जयपृथ्वी सडकमा रकम रु. हजारमा :- ३००।
८. धामीलेक, लामरकोट, मयाना सडकमा रकम रु. हजारमा :- २००।
९. धामीलेक, खोलामुढा, दैकुमला सडकमा रकम रु. हजारमा :- २००।
१०. भट्टका घर देखि मष्टामाण्डु बगिर हुँदै पाल्तका चौड सम्म सडक निर्माण (पडेस) मा रकम रु. हजारमा :- २००।
११. रिठापाटा जयपृथ्वी नगर दार्चुला सडक खण्ड स्तरोउन्नती रकम रु. हजारमा :- १००।

**खानेपानी डिभिजन कार्यालय बझाङ्गबाट यस न.पा. क्षेत्र भित्र निम्म कार्यक्रमहरु संचालन भै रहेको देखिन्छ।**

१. जेठावाडा, विष्टवाडा खा.पा.यो. रु. २५,००,०००।
२. लुयाँटा गाँतोला खा.पा.यो. रु. २०,००,०००।
३. सुवेडा खा.पा.यो. ३०,००,०००।
४. रिठापाटा ३,४,६ खा.पा.यो. ३०,००,०००।
५. साईढुङ्गा आम पडेस खा.पा.यो. ८,००,०००।

**खानेपानीमा सर्भे कार्यक्रम :**

१. लुयाँटा खा.पा.यो. सर्भे रु. ३,००,०००।
२. मुडधारा खा.पा.यो. सर्भे रु. ३,००,०००।
३. खेइरा खा.पा.यो. सर्भे रु. ३,००,०००।
४. लामरकोट खा.पा.यो. सर्भे रु. ५,००,०००।

**जिल्ला कृषि विकास कार्यालयका कार्यक्रम संचालनमा रहेका छन ।**

१) सुवेडामा High Tek प्रविधिको टनेल निर्माण कार्यक्रम संचालन भइरहेको छ ।
२) यस न.पा.को सुइल मयानामा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अन्तर्गत आलु उत्पादन कार्यक्रम संचालनमा छ ।
३) यसै न.पा.का. डुंग्रीमा आलु प्रदर्शनी कार्यक्रम संचालनमा छ ।

**सिचाई डिभिजनबाट निम्म कार्यक्रम संचालनमा छन ।**

१) देवल ज्यूला नहर संचालनमा रहेको छ ।
२) सुवेडा तल्लो ज्यूला सिचाई कुलो संचालनमा रहेको छ ।
३) सुवेडा मल्लो ज्यूला नहर निर्माणाधिन ३३० मिटर Rcc पक्की नहर ।
४) काप्रा सिचाई कुलो निर्माणाधिन अवस्थामा छ ।
५) मत्वाँवाडा सिचाई कुलो निर्माणाधिन (नौरा) ।

**जिल्ला पशु विकास कार्यालयबाट न.पा.मा हाल निम्न कार्यक्रम संचालनमा छन ।**

१) गोठ सुधार कार्यक्रम रिठापाटामा २५ परिवारमा ।
२) उन्नत जर्सी गाई ढुपानी कार्यक्रम ३० वटा गाईमा रिठापाटा ।
३) युवा लक्षित बाखा विकास कार्यक्रम लुयाँटा र बस्टीमा ।
४) कृषि तथा खाद्य सुरक्षा कार्यक्रम अन्तर्गत हेमन्तवाडामा र कैलाशमा कुखुरा उत्पादन र गोठ सुधार कार्यक्रम संचालनमा छन ।

**जिल्ला वन कार्यालयबाट यस आ.व.मा यस ज.न.पा.मा निम्न कार्यक्रमहरु संचालनमा छन ।**

- यस नगरपालिका भित्र जनतालाई हस्तान्तरण भएका सामुदायिक बनहरु ३० वटा र कवुलियती वनको संख्या ५ वटा रहेको छ ।

**नगरपालिका स्थापना भएपछि गर्नुपर्ने अत्यन्त आवश्यक तर गर्न नसकिएका कामहरु:**

१. नगर भू-उपायोग नीति निर्माण र कार्यान्वयन ।
२. भवन निर्माण मापदण्ड अनुसार कार्य संचालन गर्न नसकिएको ।
३. उच्च हिमाली दुर्गम जिल्ला भएको प्राकृतिक प्रकोपको जोखिममा रहेको तर प्रकोप न्यूनिकरणको लागि आधारभूत काम सम्म समेत नभएको ।
४. हाल कार्यालयमा कर्मचारी दरबन्दी ३१ जना भएकोमा १९ जना कर्मचारी मात्र कार्यरत रही १२ जना कर्मचारीको लागि लोकसेवा आयोग दिपायलबाट लिखित मौखिक परिक्षा भै अन्तिम परिक्षा फल प्रकाशन गर्न प्रक्रियामा रहेको ।
५) यस आ.व. ०७३/०७४ मा संचालन गर्नुपर्ने ठुला पूर्वाधार योजना पुंजिगत अनुदानबाट संचालित लक्षित योजना र प्रबर्द्धनात्मक योजनाहरु र आन्तरिक राजश्वबाट संचालन गर्नुपर्ने योजनाहरु गरी जम्मा १९५ वटा योजनाहरु मध्ये धेरैजसो योजनाहरु ठेक्कापट्टा, उपभोक्ता समितिको गठन गरी केही सम्पन्न र केही कार्यान्वयनको क्रममा छन । ठुला पूर्वाधार योजना मध्ये ल्यान्डफिल साईट निर्माण गर्ने योजना विभिन्न कारणले यस आ.व.मा संचालन हुन नसकेको कुरा जानकारी दिन चाहान्छु ।

**हाल यस न.पा.भित्र निम्न लिखित ठुला योजनाहरु संचालन र सम्पन्न हुने क्रममा रहेको ।**

१. नगरपालिका भवन- रिठापाटा (पिपलरुख तल) न.पा.को आफ्नै नाममा रहेको जग्गामा ठेक्कापट्टा कार्यक्रम स्वीकृत भई बन्ने क्रममका रहेको ।
२. न.पा.को आफ्नै जग्गामा निर्माणाधिन बसपार्क ।
३. यसै गरी वडा कार्यालय संचालनको लागि वडा कार्यालयमा फिनिसिङ्ग, सोलार प्यानल जडान कार्यका सथै मर्मतको कार्य भइरहेको ।

**यस न.पा.का सम्भावनाहरु:**

१. जलस्रोतको धनी जिल्ला बझाङ्गमा अवस्थित यस न.पा. भित्र सेतीनदी, बाहुलीगाड, डिलगाड, कचालीगाड, सुनिगाड खानेपानी अथाह जलस्रोतको सम्भावना ।
२. देवल, सेवेडा, लुयाँटा, हेमन्तवाडा, डुंग्री, भण्डार, चैनपुर, भोपुर आदी ज्यूलाहरुमा कृषि उत्पादनका प्रसस्त सम्भावना ।
३. सुइल, मयाना, बारिल, कैलाश जस्ता लेकाली भागमा जडीबुटी, जंगलि पैदावारको सम्भावान ।
४. खोडपे चैनपुर कैलाश सडक मध्य चैनपुर कैलाश निर्माणाधिन अवस्थामा रहेको साथै खप्तड, चुलीटिका, कैलश गुफा, सुर्मा सरोवर, कैलश मानासरोवर जाने मध्य विन्दु चैनवुर हुंदा पर्यटनको प्रसस्त सम्भावना भएको ।

**चुनौती :**

१. दुर्गम हिमाली जिल्लामा अवस्थित न.पा. हुंदा आन्तरिक आम्दानीको कमी ।
२. अनुभवी दक्ष एवं दरबन्दी अनुसार जनशक्तिको कमी ।

**प्रस्तुतकर्ता**
अम्मरराज खत्री
नि. कार्यकारी अधिकृत